# अर्थ बुलेटिन

वर्ष ५ अंक ३ असोज, २०८०

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म कुल राजस्व परिचालन ५.० प्रतिशत र संघीय सरकारको कुल खर्च ०.९ प्रतिशतले वृद्धि भएको छ। यद्यपि, पुँजीगत खर्चमा भने अपेक्षित सुधार हुन सकेको छैन।
- कुल वस्तु निकासी घटेपनि वस्तु आयात बढेको छ। फलस्वरुप, वस्तु व्यापार घाटा २.१ प्रतिशतले बढेको छ।
- वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिने कामदारको सङ्ख्या घटेपनि विप्रेषण आप्रवाहमा भने बढेको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फितिमा केही सुधार भएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। फलस्वरुप, विदेशी मुद्रा सञ्चिति समेत वृद्धि भएको छ। कुल वस्तु आयात सिमान्त दरले वृद्धि भए तापनि सञ्चिति पर्याप्तता सूचकाङ्क पर्याप्त छ।
- कुल बीमा शुल्क सङ्कलनमा वृद्धि भएको छ। कम्पनी दर्ता संख्यामा भने केही गिरावट आएको छ।
- समग्रमा लक्ष्य बमोजिम राजस्व सङ्कलन गर्न तथा पूँजीगत खर्च बढाउनेतर्फ थप प्रयास गर्नुपर्ने देखिन्छ। साथै, बाह्य क्षेत्र सन्तुलनलाई कायम राखिराख्न वित्त तथा मौद्रिक नीतिबीचको सामञ्जस्यता प्रभावकारी बनाउँदै लैजानुपर्ने देखिन्छ।

**प्रकाशन तथा सम्पादन**
**आर्थिक नीति विश्लेषण महाशाखा**
**सिंहदरवार, काठमाडौं**

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्मा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु.२ खर्व ७८ अर्ब १७ करोडको तुलनामा ०.९ प्रतिशतले वृद्धि भई रु.२ खर्व ८० अर्ब ५७ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रु.२ खर्व १३ अर्ब ३९ करोड, पूँजीगत खर्च रु.१७ अर्ब ८३ करोड र वित्तीय व्यवस्थातर्फ रु.४९ अर्ब ३५ करोड रहेको छ। यस अवधिको चालु र पूँजीगत खर्चमा क्रमशः ४.६ प्रतिशत र ९.४ प्रतिशतले कमी आएको छ भने वित्तीय व्यवस्थातर्फको खर्चमा उल्लेख्य वृद्धि भएको छ। चालु आर्थिक वर्षको सुरुदेखि नै आन्तरिक तथा वैदेशिक ऋणको साँवा भुक्तानी बापतको खर्च बढी भएको कारण वित्तीय व्यवस्थातर्फको खर्च उल्लेख्य बढेको छ।

**तालिका (क): पछिल्लो ५ वर्षको असोज महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | १५६७६.०० | १८२६२.०० | १८६५२.३४ | २२३७५.२७ | २१३३९.०४ |
| पूँजीगत | १८३७.०० | १५०५.०० | १४८८.९३ | १९६८.११ | १७८३.३१ |
| वित्तीय व्यवस्था | २८८.०० | ३४१.०० | ३३११.१० | ३४७३.२५ | ४९३४.९ |
| **कुल** | **१७८०१.००** | **२०१०८.००** | **२३४५२.३७** | **२७८१६.६३** | **२८०५७.२५** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०

२. चालु आर्थिक वर्षको असोजसम्मको कुल संघीय सरकारी खर्चमध्ये असोज महिनामा मात्र भएको खर्च भार ५० प्रतिशत भन्दा बढी रहेको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२१३.५८ | ८२.३१ | २२०७.८१ | ३५०३.७० | ०.१२५ |
| भदौ | ७५५२.७७ | ७३४.०८ | १३२३.५८ | ९६१०.४३ | ०.३४३ |
| असोज | १२५७२.६९ | ९६६.९२ | १४०३.५१ | १४९४३.१२ | ०.५३३ |
| **जम्मा** | **२१३३९.०४** | **१७८३.३१** | **४९३४.९** | **२८०५७.२५** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०

### राजस्व परिचालन


३. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म कुल राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको रु.२ खर्व ८ अर्ब ५८ करोडको तुलनामा ५.० प्रतिशतले वृद्धि भई रु.२ खर्व १९ अर्ब ११ करोड सङ्कलन भएको छ। कुल राजस्वमा कर राजस्व रु.१ खर्व ९९ अर्ब ४६ करोड र गैरकर राजस्व रु.१९ अर्ब ६५ करोड रहेको छ। साथै, यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति (राजस्व सहित) रु.२ खर्व ३४ अर्ब ५७ करोड रहेको छ।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो तीन महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर | १७७४१.०१ | १६३४२.८० | २२९०८.०० | १८९३८.०७ | १९९४६.२१ |
| गैरकर | १२२५.७८ | ८९३.६१ | २५९५.९४ | १९२०.३५ | १९६५.३० |
| **जम्मा** | **१८९६६.७९** | **१७२३६.४१** | **२५५०३.९३** | **२०८५८.४२** | **२१९११.५१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०


**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो तीन महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रु. करोडमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०

४. चालु आर्थिक वर्षमा आन्तरिक तर्फको अन्तःशुल्क र आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर सङ्कलनमा कमी आए तापनि समग्र राजस्व सङ्कलन भने ५.० प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो राजस्वमा १८.२ प्रतिशतले कमी आएको थियो। चालु आर्थिक वर्षमा सरकारले करसुधार अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको सूचीमा संशोधन गरेकोले पनि अन्तःशुल्क सङ्कलनमा कमी देखिएको हो।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको असोज महिना सम्मको सङ्कलित राजस्वको संरचना**




स्रोतः अर्थ मन्त्रालय, २०८०

५. गत आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको कुल राजस्वमा भन्सार महशुल, आय कर र शिक्षासेवा शुल्कको योगदान वृद्धि भएको छ भने गैर कर, अन्तःशुल्क र मूल्य अभिवृद्धि करको योगदान घटेको छ।

**तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको असोज महिनासम्मको राजस्व असुलीको विवरण (रु. करोडमा)**

| कर शीर्षक | आ.व. २०७९/८० को असूली | २०८०/८१ वार्षिक लक्ष्य | असोजसम्मको सङ्कलन | असोजसम्मको लक्ष्य | असुली प्रतिशत | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| **भन्सार महशुल#** | ४३८९.१९ | ३०७४३.७७ | ४९६३.६० | ४८६४.१७ | ६४.५ | १३.१ |
| **मूल्य अभिवृद्धि कर** | ६६६९.२४ | ४२५८९.१४ | ६९०९.२९ | ८४६९.११ | ८१.६ | ३.६ |
| उत्पादन, बिक्री र सेवा | २७०४.०३ | १५७२१.६२ | २६२१.६२ | १९४९.९४ | ९४.९ | -३.० |
| पैठारी | ३९६५.२१ | २६८६७.५२ | ४२८७.६७ | ३५५७.९८ | ७५.१ | ८.१ |
| **अन्तःशुल्क** | ३७६९.१९ | २०७२२.१४ | ३४७१.५४ | २४१७.६९ | ९०.५ | -७.९ |
| आन्तरिक उत्पादन | २८३६.२१ | १५५५८.५५ | २४२४.८० | १९२९.७२ | ८८.७ | -१४.५ |
| पैठारी | ९३२.९८ | ५१६३.५९ | १०४६.७५ | ४८७.९७ | ९५.० | १२.२ |
| **शिक्षा सेवा शुल्क** | ४०.४८ | २८१.०२ | ९५.०७ | ३४.८५ | १९२.५ | १३४.८ |
| **आयकर** | ४०६९.९८ | ३६२११.८९ | ४५०६.७२ | ४४९१.३४ | ७०.८ | १०.७ |
| आयकर | ३२०६.७३ | ३०२३१.६२ | ३५६०.७७ | ३७४९.६१ | ६७.० | ११.० |
| ब्याज कर | ८६३.२५ | ५९८०.२७ | ९४५.९५ | ७४१.७३ | ९०.० | ९.६ |
| **कर राजस्व जम्मा** | **१८९३८.०७** | **१३०५४७.९६** | **१९९४६.२१** | **२०२७७.१७** | ७५.५ | ५.३ |
| **गैर कर जम्मा** | १९२०.३५ | ११७०६.२१ | १९६५.३० | १६०५.२६ | ७८.६ | २.३ |
| **कूल राजस्व** | २०८५८.४२ | १४२२५४.१७ | २१९११.५१ | २१८८२.४३ | ७५.८ | ५.० |
| **अन्य प्राप्ति** | २२७४.९३ | - | १५४५.५५ | - | - | -३२.१ |
| **जम्मा राजस्व/प्राप्ति** | **२३१३३.३६** | **१४२२५४.१७** | **२३४५७.०६** | **२१८८२.४३** | ८१.१ | १.४ |

स्रोतः अर्थ मन्त्रालय, २०८०

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. गत आर्थिक वर्षको असोज महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा शिक्षा सेवा शुल्कमा उल्लेख्य वृद्धि भएको छ। भन्सार महशुल, आयकर, मूल्य अभिवृद्धि कर र गैरकर सङ्कलनमा क्रमशः १३.१ प्रतिशत, १०.७ प्रतिशत, ३.६ प्रतिशत र २.३ प्रतिशतले वृद्धि भएको छ भने अन्तःशुल्क सङ्कलनमा ७.९ प्रतिशतले कमी आएको छ।

७. चालु आर्थिक वर्षको असोज महिनासम्म शिक्षा सेवा शुल्क लक्ष्यभन्दा बढी संकलन भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७५.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्कलन लक्ष्यको ७५.७ प्रतिशत रहेको थियो।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो तीन महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रु.१ खर्ब ८० अर्ब ७ करोडको तुलनामा ६.१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ९१ अर्ब ११ करोड रहेको छ। यस अवधिमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कमा कमी आएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रु.२८ अर्ब ५२ करोडको तुलनामा १.८ प्रतिशतले कमी आई रु.२८ अर्ब रहेको छ।

## करको दायरा विस्तार

९. २०८० असोजसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५७ लाख ६८ हजार ३४ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३८ लाख २४ हजार ७ सय ९० (६६.३ प्रतिशत) पुगेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १९ लाख १३ हजार १ सय ९९ (३३.२ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ३० हजार ४५ (०.५ प्रतिशत) रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १७ हजार २ सय १८ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २० हजार ७ सय ८७ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८० असारसम्म | २०७९/८० असोजसम्म | २०८०/८१ असोजसम्म | २०८० असोजसम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १८७६३०५ | ४६००१ | ३६८९४ | १९१३१९९ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | २८१०७ | ३३१३ | १९३८ | ३००४५ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३६४९६१४ | १४८७७३ | १७५१७६ | ३८२४७९० |

| दर्ताको प्रकार | २०८० असारसम्म | २०७९/८० असोजसम्म | २०८०/८१ असोजसम्म | २०८० असोजसम्म |
|---|---|---|---|---|
| **जम्मा स्थायी लेखा नम्बर** | **५५५४०२६** | **१९८०८७** | **२१४००८** | **५७६८०३४** |
| मू.अ.कर | ३०८४७७ | ७२०७ | ८७४१ | ३१७२१८ |
| अन्तः शुल्क | ११६६७५ | ४७१८ | ४११२ | १२०७८७ |

स्रोतः आन्तरिक राजस्व विभाग, २०८०


\# स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा ८४.१ प्रतिशतले कमी आई रु.१३ अर्ब ७८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु.८६ अर्ब ४१ करोड रहेको थियो।

११. चालु आर्थिक वर्षको पहिलो ३ महिनामा कुल वैदेशिक सहायतातर्फ अनुदान सहायता प्रतिवद्धता मात्र प्राप्त भएको छ। यस अवधिमा प्राप्त भएको अनुदान प्रतिवद्धतामध्ये शिक्षा क्षेत्रमा ५३.५ प्रतिशत, वन तथा वातावरण क्षेत्रमा ३०.६ प्रतिशत र स्वास्थ्य क्षेत्रमा २१.४ प्रतिशत रहेको छ। कुल अनुदान प्रतिवद्धतामा युरोपियन युनियनबाट प्राप्त प्रतिवद्धता मात्र तीन चौथाई भन्दा बढी रहेको छ।

**चार्ट (ग): कुल वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना (प्रतिशतमा)**




स्रोतः अर्थ मन्त्रालय, २०८०

नोटः चालु आर्थिक वर्षको पहिलो ३ महिनाको तथ्याङ्कमा आधारित

१२. चालु आर्थिक वर्षको असोज महिनासम्म आन्तरिक ऋणतर्फ रु.४२ अर्ब ८४ करोड र बाह्य ऋणतर्फ रु.८ अर्ब ७० करोड गरी कुल साँवा भुक्तानी रु.५१ अर्ब ५४ करोड रहेको छ। यसैगरी, यस अवधिमा आन्तरिक ऋणतर्फ रु.१३ अर्ब ७१ करोड र बाह्य ऋणतर्फ रु.२ अर्ब ४५ करोड गरी कुल ब्याज भुक्तानी रु.१६ अर्ब १६ रहेको छ।

१३. चालु आर्थिक वर्षको पहिलो तीन महिनामा संघीय सरकारले कुल रु.६ करोड १८ लाख वैदेशिक अनुदान प्राप्त गरेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रु.७९ करोड ३० लाख वैदेशिक अनुदान प्राप्त गरेको थियो।

१४. संघीय सरकारले आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा आन्तरिक ऋणतर्फ रु.९७ अर्ब ३१ करोड परिचालन गरेको छ। त्यसैगरी, यस अवधिमा रु.९ अर्ब ४८ करोड बराबरको बाह्य ऋण प्राप्त भएको छ। समग्रमा, यस अवधिमा सरकारले रु.१ खर्ब ६ अर्ब ७९ करोड बराबरको सार्वजनिक ऋण परिचालन गरेको छ।

१५. २०८० असोजसम्म सरकारको कुल तिर्न बाँकी सार्वजनिक ऋण रु.२३ खर्ब ५४ अर्ब ५९ करोड पुगेको छ। जसमध्ये आन्तरिक ऋण ५०.३ प्रतिशत र बाह्य ऋण ४९.७ प्रतिशत रहेको छ। २०७९ असोजसम्म संघीय सरकारको कुल तिर्न बाँकी ऋण रु.२३ खर्ब ९ अर्ब ८७ करोड रहेको थियो। जसमध्ये आन्तरिक ऋण ४९.४ प्रतिशत र बाह्य ऋण ५०.६ प्रतिशत रहेको थियो।

## वित्तीय क्षेत्र

१६. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म बैङ्क तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप २.८ प्रतिशतले वृद्धि भएको छ भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २.३ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैङ्क तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ०.४ प्रतिशतले वृद्धि भएको थियो भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १.३ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिमा वार्षिक विन्दुगत आधारमा निक्षेप तथा निजी क्षेत्रमा अने कर्जा प्रवाह क्रमशः १४.९ प्रतिशत र ४.८ प्रतिशतले वृद्धि भएको छ।

१७. २०७९ असोज मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या १२५ रहेकोमा गाभ्ने/गाभिने प्रक्रिया मार्फत् २०८० असोजसम्म यस्तो संख्या ११२ कायम भएको छ। २०७९ असोज मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११,६०९ रहेकोमा २०८० भदौमसान्तमा ११,५७८ कायम रहेको छ।

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको असोज महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.१ प्रतिशतले कमी आई १ करोड ४५ लाख ५२ हजार १७ रहेको छ। जसमध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ९५.३ प्रतिशत र ४.७ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा पनि उक्त हिस्सा क्रमशः ९५.३ प्रतिशत र ४.७ प्रतिशत नै रहेको थियो।

१९. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.० प्रतिशतले वृद्धि भई रु.५१ अर्ब २६ करोड रहेको छ। गत आर्थिक वर्षमा उक्त रकम रु.४६ अर्ब ६२ करोड रहेको थियो।


२०. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.६ प्रतिशत र २०.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको असोज महिनासम्म उक्त हिस्सा क्रमशः ७६.७ प्रतिशत र २३.३ प्रतिशत रहेको थियो।

२१. चालु आर्थिक वर्षको असोज महिनासम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४३.६ प्रतिशत रहेको थियो। बीमितहरुले आफुले लिएको बीमालेख समर्पण गरेको कारण बीमाको दायरामा आएको जनसङ्ख्या घटेको हो।

## पूँजी बजार

२२. २०७९ असोज मसान्तमा १८५८.३३ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०८० असोज मसान्तमा १८६४.६२ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ७.१ प्रतिशतले वृद्धि भई रु. २८ खर्ब ६१ अर्ब ५२ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम २८.१ प्रतिशतले न्यून भई रु. २६ खर्ब ७२ अर्ब ७९ करोड रहेको थियो।


चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको असोज मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८०

२३. २०८० असोज महिनाको १ गते १९६९.१९ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावको बीच महिनाको अन्तिम कारोवार भएको दिन असोज ३० गते १८६४.६२ विन्दु कायम भएको छ।

चार्ट (ङ): २०८० असोज महिनाको नेप्से सूचकाङ्क




स्रोत: नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०८०

## मूल्य स्थिति

२४. २०८० असोज महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ७.५ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ८.५० प्रतिशत रहेको थियो।

२५. २०८० असोजमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ८.४ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ८.१ प्रतिशत र ८.९ प्रतिशत रहेको थियो ।

## मुद्रा प्रदाय

२६. वार्षिक विन्दुगत आधारमा २०८० असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १४.० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा विस्तृत मुद्रा प्रदाय ३.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय ०.७ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

२७. आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको पहिलो तीन महिनासम्मको नेपालको कुल वस्तु निर्यात वृद्धि हुँदै गएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा निर्यात आयात-अनुपात १०.६ प्रतिशत रहेको थियो भने कुल व्यापारमा निर्यातको अंश १२.० प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा यस्तो अनुपात क्रमशः १०.० प्रतिशत र ९.१ प्रतिशत रहेको छ।

तालिका (च): पछिल्लो पाँच आर्थिक वर्षको असोज महिनासम्मको वस्तु व्यापारको विवरण (रकम रु. करोडमा)

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| आयात | ३७३५८.७३ | ३३४९४.९४ | २९२२६.८४ | ४००९९.७५ | ४०७७५.९० |
| निर्यात | २३७४.४९ | २७१६.६८ | ३१०४.५७ | ४१८१.९७ | ४०८७.४७ |
| कुल व्यापार | ३९७३३.२२ | ३६२११.६१ | ३२३३१.४१ | ४४२८१.७२ | ४४८६३.३७ |
| व्यापार घाटा | ३४९८४.२३ | ३०७७८.२६ | २६१२२.२७ | ३५९१७.७८ | ३६६८८.४३ |
| निर्यात-आयात अनुपात (प्रतिशतमा) | ६.४ | ८.१ | १०.६ | १०.४ | १०.० |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.५ | ९.६ | १२.० | ९.४ | ९.१ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.५ | ९०.४ | ८८.० | ९०.६ | ९०.९ |

स्रोत: भन्सार विभाग, २०८०

## वस्तु निर्यात

२८. आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले संकुचित भई रु. ४० अर्ब ८७ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ३४.७ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ८२ करोड पुगेको थियो। यस अवधिमा प्लाइउड, फलामे पाता, अलैंची, फलफुलको जुस लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने प्रशोधित पाम तेल, चिया, जमोठ कपडा, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यात घटेको छ। विगतका वर्षमा पाम तेल र भटमासको प्रशोधित तेलको निर्यात उच्च भए तापनि हाल ती वस्तुको निर्यात उच्च दरले घटेको छ।

२९. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६४.२ प्रतिशत, १.८ प्रतिशत र ३४.० प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ६९.३ प्रतिशत, ०.४ प्रतिशत र ३०.३ प्रतिशत प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारततर्फ भएको निर्यात ९.४ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात ३४५.९ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको असोज महिनासम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| फलामे पाता | १३४.६७ | ३३८.५६ | १५१.४ |
| सेन्थेटिक यार्न | २९९.७ | ३१७.३३ | ५.९ |
| उनी गलैंचा कार्पेट | ३०७.४८ | २९३.५६ | -४.५ |
| तयारी कपडा | २५९.५७ | २८६.०५ | १०.२ |
| फलफुलको जुस | १५९.६ | २२९.४६ | ४३.८ |
| अलैची | १२०.६१ | १८९.०८ | ५६.८ |
| प्लाइउड | ७१.९८ | १८७.६३ | १६०.७ |
| जमोठ कपडा | १७२.१७ | १६२.१३ | -५.८ |
| प्रशोधित पाम तेल | ८०५.२८ | १३२.५४ | -८३.५ |
| चिया | १३२.०० | १२९.४४ | -१.९ |
| अन्य | १,७१८.९१ | १,८२१.६९ | ६.० |
| **जम्मा** | **४,१८१.९७** | **४,०८७.४७** | **-२.३** |

स्रोतः भन्सार विभाग, २०८०

## वस्तु आयात

३१. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.७ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ७ अर्ब ७६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात ३७.२ प्रतिशतले वृद्धि भई रु.४ खर्ब १ अर्ब पुगेको थियो।

३२. चालु आर्थिक वर्षको पहिलो तीन महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एच.आर सीट, डिए.पी मल, एलोपेथिक औषधी लगायतका वस्तुको आयात बढेको छ भने यस अवधिमा एलपी ग्यास, सुन, पेट्रोल लगायतका वस्तुको आयात घटेको छ।

३३. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरुतर्फको आयातको अंश क्रमशः ६१.५ प्रतिशत, १९.६ प्रतिशत र १९.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६१.० प्रतिशत, १४.० प्रतिशत र २५.० प्रतिशत रहेको थियो।

३४. यस अवधिमा भारत र चीन तर्फको आयात क्रमशः २.४ प्रतिशत र ४२.४ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको असोज महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | २९२९.८१ | २९९२.०२ | २.१ |
| पेट्रोल | १८२२.४४ | १७१०.८७ | -६.१ |
| तयारी कपडा | ७५० | १२५२.४७ | ६७.० |
| एच.आर.सिट | १५१.५३ | ११९२.८१ | ६८७.२ |
| एल पि ग्यास | १४९४.३७ | ११६२.७४ | -२२.२ |
| मोवाइल टेलिफोन | ९१७.५९ | ९७२.६३ | ६.० |
| शुद्ध फलाम | ९५५.५३ | ९६५ | १.० |
| डीए पी मल | ६४१.१९ | ८१६.४३ | २७.३ |
| सुन | ११५७.७७ | ७९६.२ | -३१.२ |
| अन्य एलोपेथीक औषधी | ५९८.९९ | ६९९.४१ | १६.८ |
| कुल | ११४१९.२२ | १२५६०.५८ | १०.० |
| अन्य | २८,६८०.५३ | २८,२१५.३२ | -१.६ |

| वस्तु | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| जम्मा | ४०,०९९.७५ | ४०,७७५.९० | १.७ |


स्रोतः भन्सार विभाग, २०८०

## व्यापार सन्तुलन

३५. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.१ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६६ अर्ब ८८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १३.५ प्रतिशतले घटेर रु.३ खर्ब ५९ अर्ब १८ करोड पुगेको थियो।

३६. विगत पाँच आर्थिक वर्षको असोज महिनासम्मको तथ्याङ्क विश्लेषण गर्दा कोभिड सङ्क्रमण कम भएसँगै आर्थिक गतिविधिमा भएको विस्तारसँगै आर्थिक वर्ष २०७८/७९ मा वस्तु आयातमा वृद्धि भएको र व्यापार घाटा उच्च भएको थियो भने त्यसपछिका आर्थिक वर्षमा वस्तु व्यापार घाटामा सुधार हुँदै गएको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो दुई महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग, २०८०

३७. नेपालको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो दुई महिनाको तथ्याङ्क विश्लेषण गर्दा कुल व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ सम्म वृद्धि हुँदै आएकोमा त्यस पछिका वर्षमा पुनः घट्न थालेको छ। चालु आर्थिक वर्षको असोज महिनासम्मको कुल व्यापारमा निर्यात र आयातको अंश क्रमशः ९.१ प्रतिशत र ९०.९ प्रतिशत रहेको छ।

## सेवा व्यापार

३८. आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु.३९ अर्ब ३२ करोडको तुलनामा ३५.५ प्रतिशतले वृद्धि भई रु.५३ अर्ब २८ करोड पुगेको छ। यस अवधिमा सेवा खर्च रु.६३ अर्ब ६ करोडको तुलनामा ३१.४ प्रतिशतले वृद्धि भई रु.८२ अर्ब ८५ करोड पुगेको छ।

३९. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म खुद सेवा आय रु.२९ अर्ब ५६ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रु.२३ अर्ब ७४ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४०. चालु आर्थिक वर्षको असोज महिनासम्म वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा घटेपनि विप्रेषण आप्रवाहमा भने उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्ममा विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रु.२ खर्ब ८१ अर्ब ५ करोडको तुलनामा ३०.० प्रतिशतले बढेर रु.३ खर्ब ६५ अर्ब ३४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १६.८ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिको विप्रेषण आप्रवाह अमेरिकी डलरमा २५.९ प्रतिशतले वृद्धि भएको छ।

४१. चालु आर्थिक वर्षको पहिलो तीन महिनामा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २३.३ प्रतिशतले कमी आई १ लाख १३ हजार ३ सय ९७ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १ लाख ४७ हजार ९ सय ३२ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या १४.८ प्रतिशतले घटेर ४९ हजार २ सय ९७ रहेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४२. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म शोधनान्तर स्थिति रु.९९ अर्ब ७ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. १२ अर्ब ४३ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रु.५९ अर्ब ९ करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रु.३५ अर्ब २४ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४३. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको रु.१२ खर्ब ४६ अर्ब २२ करोडको तुलनामा ३१.८ प्रतिशतले वृद्धि भई रु.१६ खर्ब ४३ अर्ब ९ करोड कायम भएको छ।

४४. आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १२.४ महिनाको वस्तु आयात र १०.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर


४५. २०८० असार मसान्तको तुलनामा २०८० असोज मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.३४ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३२.९५ पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४६. आर्थिक वर्ष २०८०/८१ को असोज महिनासम्म दर्ता भएका कम्पनीको संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.७ प्रतिशतले कमी आई ६९७५ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ता २२.९ प्रतिशतले न्यून भई ७२४५ रहेको थियो।

**चार्ट (ज): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो तीन महिनाको थप कम्पनी दर्ता सङ्ख्या**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०८०

### पर्यटक आगमन

४७. सन् २०२३ को अक्टोवर महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या उल्लेख्य वृद्धि भई ८ लाख ९ हजार ६ सय ७८ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ४ लाख ७३ हजार ५ सय ६३ रहेको थियो। २०२३ अगष्ट, सेप्टेम्बर र अक्टोवर महिनाको कुल पर्यटक आगमन २ लाख ७५ हजार ४ सय ७१ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिको पर्यटक आगमन १ लाख ८८ हजार २ सय रहेको थियो।

४८. चालु आर्थिक वर्षको पहिलो तीन महिनासम्ममा पर्यटन क्षेत्रबाट प्राप्त भएको हुने भ्रमण आय ५१.३ प्रतिशतले वृद्धि भई रु.१७ अर्ब २ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रु.११ अर्ब २४ करोड प्राप्त भएको थियो।

४९. यस अवधिमा भ्रमण खर्च ७६.१ प्रतिशतले वृद्धि भई रु.५१ अर्ब ८० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो भ्रमण खर्च रू.२९ अर्ब ४१ करोड रहेको थियो।

## विद्युत खपत

५०. २०८० को असोज महिनामा ४४२ मेगावाट घण्टा आयातीत विद्युत सहित कुल विद्युत उपलब्धता १४ लाख ५६ हजार २ सय ९४ मेगावाट घण्टा रहेको थियो। यस अवधिको कुल विद्युत माग १० लाख ४९ हजार ९ सय ३५ मेगावाट घण्टा रहेको थियो। उपलब्ध विद्युत मध्ये १० लाख ४६ हजार ६ सय ५ मेगावाट घण्टा विद्युतको आन्तरिक खपत भएको थियो भने ४ लाख ९ हजार ६ सय ८८ मेगावाट घण्टा विद्युत भारत निर्यात गरिएको थियो।

# समष्टिगत आर्थिक परिसूचकहरू

| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | |
|---|---|---|---|---|
| | **मान/ प्रतिशत** | **साउनसम्म** | **भदौसम्म** | **असोजसम्म** |
| **वास्तविक क्षेत्र** | | | | |
| आर्थिक वृद्धि (%) | प्रतिशतमा | वार्षिक लक्ष्य ६.० प्रतिशत | | |
| **उपभोक्ता मुद्रास्फीति** | **प्रतिशतमा** | **७.५%** | **८.२%** | **७.५%** |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ९.०% | ९.७% | ८.४% |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | ६.४% | ७.०% | ६.८% |
| **सार्वजनिक वित्त** | | | | |
| कर राजस्व | रु. करोडमा | ७०१७.५२ | १२७९५.६८ | १९९४६.२१ |
| गैर कर राजस्व | रु. करोडमा | ८६९.८९ | १३१२.०५ | १९६५.३० |
| **कूल राजस्व** | **रु. करोडमा** | **७८८७.४१** | **१४१०७.७२** | **२१९११.५१** |
| अन्य प्राप्ति | रु. करोडमा | ९२६.४८ | १३१५.८८ | १५४५.५५ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **८८१३.८९** | **१५४२३.६१** | **२३४५७.०६** |
| **बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी समेत))** | **रु. करोडमा** | **९५३.४२** | **१७९९.७७** | **२८००.२३** |
| **संघीय सरकारको राजस्व** | **रु. करोडमा** | **७८६०.४७** | **१३६२३.८४** | **१९१११.२८** |
| चालु खर्च | रु. करोडमा | १२१३.५८ | ८७६६.३५ | २१३३९.०४ |
| पूँजीगत खर्च | रु. करोडमा | ८२.३१ | ८१६.३९ | १७८३.३१ |
| वित्तीय व्यवस्था | रु. करोडमा | २२०७.८१ | ३५३१.३९ | ४९३४.९० |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **३५०३.७०** | **१३११४.१३** | **२८०५७.२५** |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | ११२००८.५७ | ११४०५३.०३ | ११८३५७.२१ |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोडमा | ११७१७२.८८ | ११७३७४.६७ | ११७१०२.३१ |
| **कुल तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२२९१८१.४५** | **२३१४२७.७०** | **२३५४५९.५२** |
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | १३०६.०० | ४४२६.०० | ९७३१.०० |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | २७१.८४ | ८१४.२४ | ९४७.८० |
| **ऋण प्राप्ति (आन्तरिक र वाह्य)** | **रु. करोडमा** | **१५७७.८४** | **५२४०.२४** | **१०६७८.८०** |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२०७.८१ | ३२८३.३५ | ४२८४.१६६ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १२३.८३ | ४६४.४४ | ८७०.३६ |
| **आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी** | **रु. करोडमा** | **२३३१.६४** | **३७४७.७९** | **५१५४.५३** |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता | रु. करोडमा | १०६३.०० | १०६३.०० | **१३७८.२२** |
| स्थायी लेखा नम्बर | (सङ्ख्यामा) | ५६३१२१९ | ५६९२६८० | ५७६८०३४ |
| **सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | |
| कर राजस्व | प्रतिशतमा | -०.७% | -२.१% | ५.३% |
| गैर कर राजस्व | प्रतिशतमा | -४.२% | ०.१% | २.३% |
| **कूल राजस्व** | **प्रतिशतमा** | **-१.१%** | **-१.९%** | **५.०%** |
| अन्य प्राप्ति | प्रतिशतमा | -११.६% | -२८.६% | -३२.१% |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशतमा** | **-२.३%** | **-४.९%** | **१.४%** |
| **संघीय सरकारको राजस्व** | **प्रतिशतमा** | **११४.५%** | **-१९.४%** | **-४.६%** |
| चालु खर्च | प्रतिशतमा | ११४.५% | -१९.४% | -४.६% |
| पूँजीगत खर्च | प्रतिशतमा | -४४.६% | ३९.३% | -९.४% |
| वित्तीय व्यवस्था | प्रतिशतमा | ४६.१% | ७८.८% | ४२.१% |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशतमा** | **५७.४%** | **-२.४%** | **०.९%** |
| **मुद्रा तथा बैंकिङ** | | | | |
| विस्तृत मुद्राप्रदाय (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८% | १२.०% | १४.०% |

| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | |
|---|---|---|---|---|
| | मान/ प्रतिशत | साउनसम्म | भदौसम्म | असोजसम्म |
| संकुचित मुद्राप्रदाय (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | -९.८% | -३.९% | ३.४% |
| मौद्रिक तरलता (एम ३) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८% | १२.०% | १३.९% |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ११.९% | १३.२% | १४.९% |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.३% | ७.६% | ९.०% |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ३.८% | ४.०% | ४.८% |
| निक्षेपको व्याजदर (वाणिज्य बैङ्क) | प्रतिशतमा | ८.०% | ८.१% | ७.९०% |
| कर्जाको व्याजदर (वाणिज्य बैङ्क) | प्रतिशतमा | १२.२% | १२.२% | १२.११% |
| औषत आधारदर (वाणिज्य बैङ्क) | प्रतिशतमा | १०.१% | १०.१% | ९.९४% |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५७४ | ११५६७ | ११५७८ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | २०३३ | १९६५ | १८६५ |
| बजार पूँजीकरण | रु. करोडमा | ३०४३०१ | २९६१३४ | २८६१५२ |
| बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २३५९ | ३६२२ | ५१२६ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४४.० | ४२.२ | ४३.४ |
| **बाह्य क्षेत्र** | | | | |
| चालु खाता | रु. करोडमा | १२९८.५० | २३४९.७१ | ५९०९.३३ |
| चालु खाता (अमेरिकी डलरमा) | मिलियनमा | ९८.४७ | १७७.७० | ४४५.२० |
| शोधनान्तर स्थिति | रु. करोडमा | ३२९०.०७ | ५३६०.६४ | ९९०६.५७ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | मिलियनमा | २४९.४९ | ४०५.६० | ७४७.१८ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | ११६०१.९१ | २२८३७.१३ | ३६५३३.९२ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | मिलियनमा | ८७९.७८ | १७२६.७५ | २७५५.९९ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | १५७३१२.४९ | १५९८९०.०६ | १६४३०९.४० |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | मिलियनमा | ११८५२.०७ | १२०१२.७८ | १२३३०.९१ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १२.५ | १२.६ | १२.४ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १०.३ | १०.३ | १०.३ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १३५२.८७ | २६४४.७० | ४०८७.४९ |
| कुल वस्तु आयात | रु. करोडमा | १२९२३.९० | २५९७४.९९ | ४०७७५.९० |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११५७१.०३ | २३३३०.२९ | ३६६८८.४१ |
| वैदेशिक लगानी आप्रवाह | रु. करोडमा | २६४.६२ | २९९.८१ | ३३७.१० |
| भ्रमण आय | रु. करोडमा | ४३८.९८ | ९३३.६१ | १७०१.६१ |
| भ्रमण खर्च | रु. करोडमा | १७२५.५८ | ३५५९.५० | ५१८०.२९ |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | २५.८% | २२.१% | ३०.०% |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | २१.५% | १७.७% | २५.९% |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३१.३% | ३४.५% | ३१.८% |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | २५.८% | २८.५% | ३०.४% |
| वस्तु निर्यात | प्रतिशतमा | -८.७% | -७.८% | -२.३% |
| वस्तु आयात | प्रतिशतमा | -१.६% | -५.१% | १.७% |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | -०.७% | -४.७% | २.१% |
| **अन्य** | | | | |
| कम्पनी दर्ता | सङ्ख्यामा | २१०२ | ४३९५ | ६९७५ |
| विनिमय दर ( $1 = रु. ...) | रुपैंयामा | १३२.४३ | १३२.८० | १३२.९५ |
| विद्युत् उपलब्धता, मासिक कुल | MWh | १४६८४८३ | १४५१०५२ | १४५६२९४ |
| विद्युत् निर्यात , मासिक कुल | MWh | २५०४६१ | ३०३६९४ | ४०९६८८ |
| विद्युत् आयात , मासिक कुल | MWh | १०५०१ | १४४२ | ४४२ |

| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | |
|---|---|---|---|---|
| | मान/ प्रतिशत | साउनसम्म | भदौसम्म | असोजसम्म |
| कुल विद्युत माग, मासिक कुल | MWh | १४७५७५८ | १४५३२१७ | १०४९९३५ |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | MWh | १२१८०२२ | ११४७३५८ | १०४६६०५ |
| पर्यटक आगमन | सङ्ख्यामा | ६७१५३ | १५८१६५ | २७५४७१ |
| श्रम स्वीकृति (नयाँ र पुनःश्रम स्वीकृति) लिने नेपाली | सङ्ख्यामा | ५५५७५ | १०६४५९ | १६२६९४ |

स्रोतः अर्थ मन्त्रालय, २०८०